नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७८/७९

च.नं. १२४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०७८ कार्तिक २ गते

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु - सबै ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखाको मिति २०७८।६।१७ च.नं. ५१२/१९०० को पत्र मार्फत प्राप्त राष्ट्रिय सूचना आयोगकोको मिति २०७८।६।१३ च.नं. ५३ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र यसै साथ संलग्न रहेको छ । व्यहोरा पत्रबाटै अवगत गरी सूचना प्राप्त गर्दा लाग्ने दस्तुर सम्बन्धी निर्णय कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौडयाल

शाखा अधिकृत

वोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा,
सिंहदरवार, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६

इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईटः** www.mofaga.gov.np

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

# राष्ट्रिय सूचना आयोग

का. म. न. पा. १०, बानेश्वर, देवीनगर

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. २४६५
मिति २०७८।६।१४

प. सं. ०७८/७९

पु. च. नं. .......

च. नं. ५३

मिति २०७८।०६।१३

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

उपरोक्त विषयमा यस आयोगको मिति २०७८।०६।०७ गतेको बैठकबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ ले तोकेको दस्तुर सम्बन्धमा कतिपय सार्वजनिक निकायमा अन्यौल रहेको विषय आयोगको जानकारीमा आएको हुँदा प्रचलित सूचनाको हकसम्बन्धी नियमावली, २०६५ संशोधनको क्रममा प्रस्तुत विषयलाई थप स्पष्ट गराउने गरी हाल प्रचलनमा रहेको नियम ४(२) बमोजिम सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको सम्बन्धमा सूचना जति सुकै पृष्ठको भएता पनि दश पृष्ठसम्म शुल्क नलिने र सोभन्दा बढी प्रति पृष्ठको नियम ४(२) बमोजिमको दस्तुर लिने व्यवस्था मिलाउन संघीय सार्वजनिक निकायका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत, प्रदेशका सार्वजनिक निकायका हकमा मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानीय तहका सार्वजनिक निकायका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र गर्ने भनी निर्णय भएकोले तहाँबाट सोही अनुसार सबै संघीय निकायहरुमा परिपत्र गरिदिन हुन आदेशानुसार अनुरोध गर्दछु ।

(बिश्वबन्धु पौडेल)
उपसचिव